**डेनभर पब्लिक स्कूल्स**
**हाइ स्कूलवाट ग्र्याजुएशन गर्न चाहिने आवश्यकताहरु**

*डेनभर पब्लिक स्कूल्सवाट दिइने हाइ स्कूल डिप्लोमा उपाधिले पाठयक्रमको अन्तरवस्तुलाई, अध्यापनमा र विद्यार्थीको पठनपाठनमा हुने उच्च स्तरीय गुणलाई प्रतिनिधित्व गर्दछ र यसलाई कामको संसारमा जानको लागि वा उच्च शिक्षाको लागि तयारी गर्नमा विद्यार्थीद्धारा र स्कूल डिस्ट्रिक्टद्धारा गरिएको सार्थक प्रयाशलाई प्रतिविम्वित गर्ने दस्तावेजको रुपमा लिइनु पर्दछ ।*

**साधारण वा मिश्रित साधारण पाठयक्रम (कम्वाईन्ड जेनेरल कोर्स) को लागि आवश्यकताहरु**

ग्र्याजुएट हुनका लागि र हाइ स्कूल डिप्लोमा प्राप्त गर्नका लागि विद्यार्थीहरुलाई दुइ सय चालीस सेमेस्टर घण्टा (२४ युनिट) आवश्यक पर्दछ । कार्यक्रमको अन्तरवस्तुमा हुने फरकहरुलाई प्रमाणपत्र (ट्रान्स्क्रिप्ट) हरुले प्रतिविम्वित गर्नेछन । मिश्रित साधारण डिप्लोमाका लागि कुनै पनि विषयको विशेष शिक्षा (स्पेसल एजुकेसन) को कोर्स (पाठयाँश) मा १४० सेमेस्टर घण्टा आर्जन गर्न सकिने छ । अन्तरवस्तु क्षेत्रका आवश्यकताहरु तल उल्लेख गरिए अनुसार छन :

| *डिप्लोमाको लागि आवश्यकताको लागि पढनु पर्ने साधारण पाठयक्रम* | *सेमेस्टर* | *कारनेगी* |
|---|---|---|
| *पाठयक्रम* | **क्रेडिटहरु** | **युनिट** |
| **१. भाषाकला –** साहित्यको र रचना १ र २ को परिचयमा दश सेमेस्टर घण्टा (१ युनिट) तथा अमेरिकी साहित्य १ र २ मा दश सेमेष्टर घण्टा (१ युनिट) लगायत न्यूनतम चालीस सेमेष्टर घण्टा (४ युनिट) आर्जन गर्नु पर्ने छ । विश्व साहित्यमा वा माथिल्लो श्रेणीको लेखाइ सम्वन्धी कोर्समा दश सेमेष्टर घण्टा (१ युनिट) । अन्य भाषा कलामा दश सेमेष्टर घण्टा (१ युनिट) हुनेछ । | ४० | ४.० |
| **२. गणित –** चालीस सेमेष्टर घण्टा (४ युनिट) आर्जन गर्नु पर्ने छ । वीजगणितमा वा त्यस्कै समान एकीकृत समकक्षिमा दश सेमेष्टर घण्टा (१ युनिट), रेखा गणित वा यस्को स्वीकृत समकक्षीयमा दश सेमेष्टर घण्टा (१ युनिट) आवश्यक गराईएको छ, वीजगणित २ मा वा एकीकृत समकक्षीयमा दश सेमेष्टर घण्टा (१ युनिट) तथा वीजगणित भन्दा उच्च तहमा दश सेमेष्टर घण्टा (१ युनिट) । | ४० | ४.० |
| **३. विज्ञान –** तीस सेमेष्टर घण्टा (३ युनिट) आर्जन गर्नु पर्ने छः विद्यार्थीहरुले विज्ञानको क्रेडिटको ३० सेमेष्टर घण्टा (३ युनिट) पुरा गर्नु आवश्यक गराइएको छ, २० सेमेष्टर घण्टा (२ युनिट) भूविज्ञान, जीवविज्ञान, रसायनशास्त्र वा भौतिकशास्त्रवाट हुनु पर्दछ । | ३० | ३.० |
| **४. सामाजिक अध्ययन–** तीस समेष्टर घण्टा (३ युनिट) आर्जन गर्नु पर्ने छ । संयुक्त राज्यको इतिहास दश सेमेष्टर घण्टा (१ युनिट), नागरिक शास्त्रमा ५ सेमेष्टर घण्टा (.५ युनिट) र अन्य सामाजिक अध्ययनमा पन्द्र समेष्टर घण्टा (१.५ युनिट) । | ३० | ३.० |
| **५. शारीरिक शिक्षा/नृत्य, सिटिवाईड मार्चिंग व्याण्ड, आरओटिसी वा डिपिएसको खेलकूदहरु** - दश सेमेष्टर घण्टा (१ युनिट) आर्जन गर्नु पर्नेछ वा खेलकूदमा भाग लिनेका लागि छुट गराईएको छ । | १० | १.० |
| **ऐच्छिक–** नब्वे सेमेष्टर घण्टा (९ युनिट) आर्जन गर्नु पर्ने छ<br>**ऐच्छिक शैक्षिक विषयहरु –** चालीस सेमेष्टर घण्टा (४ युनिट), ललितकलाको १० सेमेष्टर घण्टा (१ युनिट) जस्मा कला, नृत्य, नाटक र संगीत वा पेशा (क्यारियर) र प्राविधि शिक्षा समावेश हुन्छ । ऐच्छिक शैक्षिक विषयमा दश सेमेष्टर घण्टा (१ युनिट) जस्मा ऐच्छिक अंग्रेजी/सामाजिक अध्ययन, विश्वका भाषा, एभिआइडी, गियर–अप, एपी/आइवी कोर्सहरु समावेश हुन्छन ।<br><br>**अन्य ऐच्छिक –** ग्र्याजुएशन गर्नलाई आवश्यक पर्ने २४० सेमेष्टर घण्टा (२४ युनिट) भित्र, ऐच्छिकको लागि ५० सेमेष्टर घण्टा (५ युनिट) उपलव्ध छन । मुख्य पाठयक्रमका विषयहरुमा वृहत ऐच्छिक कार्यक्रम प्रदान गरिएको छ । यस्को अतिरिक्त कला, व्यापार, वजारीकरण, उपभोक्ता र परिवार अध्ययन, विदेशी भाषा, औद्योगिक प्रविधि, संगीत, शारीरिक शिक्षा/नृत्य वा प्रदानित बिशेष विषयहरु विद्यार्थीहरुले रोज्न सक्नेछन ।<br><br>**समुदायमा आधारित अनुभव –** डिप्लोमाका लागि चाहिने २४० सेमेष्टर घण्टा (२४ यूनिट) मा २२० सेमेष्टर घण्टा (२२ युनिट) कक्षामा–आधारित पठन पाठनमा आर्जन हुनेछ । त्यसकारण विद्यार्थीहरुले ग्र्याजुऐशनको लागि चाहिने आवश्यकताहरुको पूर्तिको लागि अधिकतम वीस सेमेस्टर घण्टा (२ युनिट) समुदायमा आधारित अनुभव आर्जन गर्न र लागू गर्न सक्नेछन । यी अनुभवहरुमा, तर यिनीहरुमा मात्र सिमीत छैनन, स्थलगत वा सेवा सम्वन्धी अनुभवहरु, कार्य अनुभवहरु तथा इन्टर्नसीपहरु समावेश हुन्छन । | ९० | ९.० |
| **कूल** | **२४०** | **२४.०** |

## डेनभर पब्लिक स्कूल्सको हाई स्कूल ग्र्याजुएसनको आबश्यकताहरु
## क्लास अफ २०११ एण्ड २०१२

**सामान्य जानकारी**

**हाई स्कूलको लागि मिडिल स्कूलमा क्रेडिटहरु आर्जन गर्न सकिदैन ।** उदाहरणको लागि : एउटा विद्यार्थी जस्ले मिडिल स्कूलमा वीजगणित १ को पढाइ पुरा गरेको छ उस्ले फेरी पनि हाइ स्कूलमा ४ वर्षे गणितको पढाइ गर्नै पर्दछ ।

**छुटहरु**

डेनभर पब्लिक स्कूल्सको वोर्ड अफ एजुकेशन (शिक्षा समिति) वाट स्वीकृत भएको र तल दिइएको मापदण्ड पुरा हुने एथलेटिक खेलहरु खेल्ने विद्यार्थीहरुको ग्र्याजुएशनको लागि चाहिने शारीरिक शिक्षा सम्बन्धी आवश्यकतावाट छुट पाउन सक्ने छन । एथलेटिक्समा सहभागी भए वापत कुनै ग्रेड वा क्रेडिट दिइने छैन र यस्तो छुटहरुले डिप्लोमा आर्जनका लागि आवश्यक पर्ने कूल घण्टाको संख्यालाई घटाउने छैन । एथलेटिक्समा सहभागिता गर्नाले दुवै सेमेष्टरहरुमा चाहिने शारीरिक शिक्षाको आवश्यकताहरु पुरा गर्न छुट हुन सक्ने छ ।

**शारिरिक शिक्षाको छुटलाई नियमन गर्ने मापदण्डहरु**

क. विद्यार्थीले सम्पूर्ण मौसम (सिजन) मा योग्यतालाई कायम राख्नु पर्दछ ।
ख. पिइ (शारीरिक शिक्षा) को लागि चाहिने पाँच सेमेष्टर घण्टा (५ युनिट) लिनवाट विद्यार्थीलाई छुट दिनका लागि उसले खेलकुदमा एक पूरा मौसम (सिजन) मा भाग लिनु आवश्यक छ ।
ग. छुट पाउनका लागि योग्य हुन विद्यार्थी हाइ स्कूल फ्रेसम्यान (हाइस्कूलको प्रथम वर्षको विद्यार्थी) सोफोमर (हाइस्कूलको दोस्रो वर्षको विद्यार्थी) वा जुनियर (तेस्रो बर्षको बिद्यार्थी) हुनु पर्दछ। शारीरिक शिक्षाको आवश्यकताहरु अझै पूरा गरिनसकेका सिनियरहरुलाई यो छुट लिन दिइदैन र उनीहरुले शारीरिक शिक्षाको कोर्समा दाखिला हुनु पर्दछ ।

डेनभर पब्लिक स्कूल्सको डिप्लोमाले निम्न पाँच कोर्सहरु मध्येको एउटामा ग्र्याजुएशन गर्नका लागि चाहिने आवश्यकताहरु बिद्यार्थीले पूरा गरेको छ भन्ने कुरालाई प्रमाणित गर्दछ ।

- साधारण पाठयक्रम
- निर्दिष्ट पाठयक्रम*
- मिश्रित साधारण पाठयक्रम*
- कार्य अनुभव र अध्ययन*
- एएससिइएनटी डिप्लोमा (समानान्तर भर्ना मार्फत विद्यार्थीहरुको वेगवृद्धि गराउने) ।

**आवश्यकताहरुका सम्वन्धमा थप जानकारी**

सन्तोषजनक प्रगति नभएका वा गणित र सिएसएपी साक्षरतामा आंशिक रुपमा प्रवीण भएका विद्यार्थीलाई ९ कक्षामा दोह्राएर रोक्न सकिने छ र कुनै कुनै मामिलामा उनीहरुलाई १० कक्षामा पनि सोही वमोजिम रोक्न सकिने छ। यसरी रोकेर राखिने अतिरिक्त कक्षालाई ऐच्छिक शैक्षिक क्रेडिटको रुपमा गणना गरिन्छ ।

नियमित शैक्षिक वर्षमा विद्यार्थीले ७० क्रेडिट घण्टा (प्रति सेमेष्टर ३५ क्रेडिट घण्टा) का लागि दर्ता गर्न सक्नेछ। प्राचार्यको विशेष अनुमतिवाट यो सीमालाई ८० क्रेडिट (प्रति सेमेस्टर ५ अतिरिक्त क्रेडिट) सम्म वढाउन सकिने छ।

- समर स्कूल (गृष्मकालीन कक्षाहरु) मा विद्यार्थीहरुले अधिकतम १० समेस्टर घण्टा आर्जन गर्न सक्दछन ।

**ग्र्याजुएशनका अभ्यासहरु**

आफ्नो कक्षामा हुने दीक्षान्त समारोह सम्वन्धी अभ्यासहरुमा भाग लिनका लागि विद्यार्थीहरुले २४० घण्टा वरावरको सेमेस्टर घण्टा पूरा गर्नुपर्दछ तथा उनीहरुको पढाइको सिनियर वर्षको अन्त सम्ममा आवश्यक पर्ने कक्षाहरु लिने काम पनि पूरा गरेको हुनुपर्दछ ।

**स्थानान्तरण भै आएका विद्यार्थीहरु**

डेनभर पब्लिक स्कूल्स भन्दा वाहिरवाट स्थान्तरण भै आएका विद्यार्थीहरुले डेनभर पब्लिक स्कूलवाट डिप्लोको लागि डेनभर स्कूलको आवश्यकताहरुलाई पुरा गर्नु पर्दछ। डेनभर पब्लिक स्कूल्सबाट कमसेकम दुई सेमेस्टर पढेको लगायत ग्र्याजुएशनका सवै आवश्यकताहरुलाई पुरा गर्दै न्यूनतम ५० क्रेडिट घण्टा (५ युनिट) डेनभर पब्लिक स्कूलमा आर्जन गरेको हुनु पर्दछ ।

**भ्यालेडिक्टोरियन/स्यालुटेटोरियन**

प्रत्येक विद्यार्थीको भ्यालेडिक्टोरियन/स्यालुटेटेरियन स्थिति निर्धारण गर्नका लागि सवै आठ सेमेस्टरको सरदरलाई प्रयोग गरिन्छ । यसका लागि योग्य हुनका लागि तथा कक्षाको भ्यालेडिक्टोरियन/स्यालुटेटोरियन वन्नका लागि विद्यार्थीहरुले आफू पढने विद्यालयमा भर्ना भए पछि कम्तीमा तीन (३) वर्ष सम्म त्याहाँ पढेको हुनुपर्दछ तथा ग्र्याजुएशन गर्ने कक्षामा सरदर उच्च ग्रेडको अंक हासिल गर्नुपर्दछ ।

| विद्यार्थीको श्रेणीगत तहको वर्गीकरण | |
|---|---|
| ६० सेमेस्टर घण्टा | सोफोमोर |
| १२० सेमेस्टर घण्टा | जुनियर |
| १७० सेमेस्टर घण्टा | सिनियर |
| २४० सेमेस्टर घण्टा | डिप्लोमा प्रदान |

**डेनभर पब्लिक स्कूल्स**
**हाइ स्कूलवाट ग्र्याजुएशन गर्न चाहिने आवश्यकताहरु**
**कार्य अनुभव र अध्ययन**

*डेनभर पब्लिक स्कूल्सवाट दिइने हाइ स्कूल डिप्लोमा उपाधिले पाठयक्रमको अन्तरवस्तुलाई, अध्यापनमा र विद्यार्थीको पठनपाठनमा हुने उच्च स्तरीय गुणलाई प्रतिनिधित्व गर्दछ र यसलाई कामको संसारमा जानको लागि वा उच्च शिक्षाको लागि तयारी गर्नमा विद्यार्थीद्धारा र स्कूल डिस्ट्रिक्टद्धारा गरिएको सार्थक प्रयाशलाई प्रतिविम्वित गर्ने दस्तावेजको रुपमा लिइनु पर्दछ।*

---

**कार्य अनुभव र अध्ययनका आवश्यकताहरु**
कक्षा ९, १०, ११ र १२ मा र/वा विद्यार्थीको २१ सौं जन्मदिनको पहिलो सेमेष्टर सम्ममा २४० सेमेष्टर घण्टा (२४ युनिट) को आवश्यकता पर्ने छ। कोर्सहरुलाई विद्यालयका प्राचार्यवाट स्वीकृत गरिनु पर्दछ र कर्मचारीको टोलीले निर्धारण गरेको हुनु पर्नेछ। कार्यक्रमको अन्तरवस्तुमा हुने फरकहरुलाई प्रमाणपत्र (ट्रान्स्क्रिप्ट) हरुले प्रतिविम्वित गर्नेछन। अन्तरवस्तु क्षेत्रका आवश्यकताहरु तल उल्लेख गरिए अनुसार छन :

| **डिप्लोमाका आवश्यकताहरुका लागि कार्य अनुभव र अध्ययन** | *आबश्यक गराइएको सेमेस्टर घण्टा* | *आबश्यक गराइएको कारनेगी युनिट* |
|---|---|---|
| *पाठयक्रम* | **क्रेडिटहरु** | **युनिट** |
| कार्य अनुभव र अध्ययनका आवश्यकताहरु (डब्लुइस)<br>**भाषा कला** - न्यूनतम चालीस सेमेस्टर घण्टा (४ युनिट) आर्जन गर्नु पर्ने छ। | ३० | ३.० |
| **सामाजीक अध्ययन** - वीस सेमेस्टर घण्टा (२ युनिट) आर्जन गर्नु पर्ने छ। व्यवसायिक र/वा संक्रमणकालिन कक्षाहरु दश सेमेस्टर घण्टा (१ युनिट) आवश्यक गराइएको छ। | २० | २.० |
| **विज्ञान** - दश सेमेस्टर घण्टा (१ युनिट) आर्जन गर्नु पर्नेछ। | १० | १.० |
| **गणित** - वीस सेमेस्टर घण्टा (२ युनिट) आर्जन गर्नु पर्ने छ। | २० | २.० |
| **शारीरिक शिक्षा/नृत्य, सिटिवाईड मार्चिंग व्यान्ड, वा आरओटिसि** -दश सेमेस्टर घण्टा (१ युनिट) आर्जन गर्नु पर्ने छ। आइइपीले अन्यथा नतोकेमा। | १० | १.० |
| **ललितकला** : संगीत कला, नाटक वा सिटिइ – ललित कलामा दश सेमेस्टर घण्टा (१ युनिट), जस्मा कला, नृत्य नाटक र संगीत समावेश हुन्छ। | १० | १.० |
| **ऐच्छिक शैक्षिक विषय** - ऐच्छिक शैक्षिक विषयमा दश सेमेस्टर घण्टा (१ युनिट) जस्मा ऐच्छिक अंग्रेजी/सामाजिक अध्ययन, जीवनवृत्ति (क्यारियर) र प्राविधिक शिक्षा कोर्सहरु, एभिआइडी, गिअर–अप र एपी/आइवी कोर्सहरु पर्दछन्। | १० | १.० |
| **व्यवसायिक** - व्यवसायिकमा दश घण्टा (१ युनिट) आवश्यक पर्दछ। | १० | १.० |
| **अन्य ऐच्छिक –** ग्र्याजुएशन गर्नलाई आवश्यक पर्ने २४० सेमेष्टर घण्टा (२४ युनिट) भित्र, ऐच्छिकको लागि ६० सेमेष्टर घण्टा (८ युनिट) उपलब्ध छन। मुख्य पाठयक्रमका विषयहरुमा वृहत ऐच्छिक कार्यक्रम प्रदान गरिएको छ। यस्को अतिरिक्त कला, व्यापार, वजारीकरण, उपभोक्ता र परिवार अध्ययन, विदेशी भाषा, औद्योगिक प्रविधि, संगीत, शारीरिक शिक्षा/नृत्य वा प्रदानित बिशेष विषयहरु विद्यार्थीहरुले काममा आधारित अनुभव समन्वय गर्दै रोज्न सक्नेछन। | ६० | ६.० |
| **काममा आधारित अनुभव** - डिप्लोमाका लागि चाहिने २४० सेमेस्टर घण्टा (२४ युनिट) मा ६० सेमेस्टर घण्टा (६ युनिट) काममा आधारित अनुभव (डब्लुइएस) मा आर्जन गर्नुपर्ने छ । | ६० | ६.० |
| **निर्दिष्ट गरिएको पाठयक्रमको आवश्यकताहरु**<br>यी आवश्यकताहरुमा वोर्ड अफ एजुकेशन (शिक्षा समिति) ले स्वीकृत गरेको पाठयक्रम/अन्तरवस्तु मापदण्डको लागि पाठयाँश वा सट्टा समावेश हुन्छ। डिप्लोमा आर्जनका लागि निक्यौलहरु गर्दा मूल्याँकनका औजारहरु छानिन्छन र कार्यान्वयन गरिन्छन जसमा मस्तिकीय अक्षमता, हाते काम गर्न असक्षम वा वोल्ने कौसलमा कमजोरी भएका विद्यार्थीहरुको मूल्याँकन गर्ने काम संचालन गर्दा परीक्षाका नतिजाहरुले विद्यार्थीको मस्तिकीय अक्षमता, हातले काम गर्न अक्षम वा वोल्ने कौशलता कमजोरी प्रतिविम्वित गर्नु भन्दा विद्यार्थीको अभिरुची वा उपलब्धिको स्तर यथार्थ रुपमा प्रतिविम्वित गरोस भन्ने कुरालाई सुनिश्चित होस भन्नको लागि यी कुराहरु अपनाइन्छन। | | |
| १)माथिका कुनै पनि पाठयक्रमहरुको आवश्यकताहरु पुरा गर्न उनीहरुको क्षमताको देखाएको गम्भीर र गहन अवस्थाहरु भएका विद्यार्थीहरु, कुनै पनि वैयक्तिकृत कार्यक्रम आवश्यकताहरु सन्तोषजनक रुपमा पुरा गरेमा उनीहरुले हाइ स्कूल डिप्लोमा हासिल गर्नेछन।<br>२) विद्यार्थीहरु कक्षा ९, १०, ११ र १२ मा नियमित रुपमा कक्षामा उपस्थित हुनुपर्दछ र /वा आइइपीले निर्धारण गरे अनुसार गरी पहिलो सेमेस्टर देखि विद्यार्थीको एककाइसौ (२१ सौ) जन्मदिन सम्म नियमित उपस्थित हुनुपर्दछ। | | |
| **कूल** | **२४०** | **२४.०** |

*विशेष शिक्षाको दरकार पर्ने भनी पहिचान भएका विद्यार्थीहरु वा जस्को प्रमाणपत्रहरु (ट्रान्सकृप्टहरु) ले मुख्य शैक्षिक वा ऐच्छिक कोर्सहरुलाई विशेष शिक्षाको रुपमा प्रतिविम्वित गर्दछ ती विद्यार्थीहरुलाई मात्र सम्मिश्रित साधारण पाठयक्रम, निर्दिष्ट पाठयक्रम तथा कार्य अनुभव र अध्ययनका विकल्पहरु उपलब्ध हुन्छन। विधार्थीको पाठयक्रम भिन्न भिन्न गरिएको डिप्लोमा प्रतिविम्वित गरिएको छैन तर प्रमाणपत्र (ट्रान्सकृप्ट) मा देखाइएको छ। प्रत्येक डिप्लोमामा भनिने छ "ट्रान्सकृप्टमा अभिलेखित गरिए अनुसार यो डिप्लोमा विद्यार्थीले पढेको पाठयक्रमको प्रतिविम्वित रुप हो।"

निम्न कुराहरु वाहेक विद्यार्थीले कक्षा ९,१०,११ र १२ को पढाइ पुरा गर्न कमसेकम चार वर्ष (आठ सेमेस्टर) पढन आवश्यक छ।

- ३.० जिपिए भएका विद्यार्थीहरु जस्ले सबै मुख्य पाठयक्रम/ऐच्छिकको आवश्यकताहरु र २४० सेमेस्टर घण्टा (२४ युनिट) पुरा गरेका छन तिनीहरुले सात सेमेस्टरमा ग्याजुएशन गर्न सक्नेछन ।
- ३.५ जिपिए भएका विद्यार्थीहरु जस्ले सबै मुख्य पाठयक्रम/ऐच्छिकको आवश्यकताहरु र २४० सेमेस्टर घण्टा (२४) युनिट पुरा गरेका छन तिनीहरुले ६ सेमेस्टरमा ग्याजुएशन गर्न सक्नेछन ।

**अशक्तता भएका विद्यार्थीहरु**

डेनभर पब्लिक स्कूल्सको डिप्लोमा आर्जन गर्न निम्न पाठयक्रमलाई अवलम्वन गर्न सकिन्छ :

- *साधारण पाठयक्रमको आवश्यकताहरु* पुरा गर्ने अशक्तता भएको विद्यार्थीले *डेनभर पब्लिक स्कूल्सको डिप्लोमा* प्राप्त गर्नेछन ।
- *मिश्रित पाठयक्रमको* आवश्यकताहरु पुरा गर्ने अशक्तता भएको विद्यार्थीले *डेनभर पब्लिक स्कूल्सको डिप्लोमा* प्राप्त गर्नेछन ।
- *कार्य अनुभव र अध्ययन कार्यक्रमको* आवश्यकताहरु पुरा गर्न अशक्तता भएको विद्यार्थीले *डेनभर पब्लिक स्कूल्सको डिप्लोमा* प्राप्त गर्नेछन ।
- यिनीहरु मध्येको कुनै पनि पाठयाक्रमको आवश्यकताहरु पुरा गर्न उनीहरुको क्षमताले दखल दिने गम्भीर र गहन अवस्थाहरु भएका अशक्त विद्यार्थीहरुले निर्दिष्ट पाठयक्रमको आवश्यकतालाई सन्तुष्ट गराएको भएका उनीहरुले *डेनभर पब्लिक स्कूल्सको डिप्लोमा* प्राप्त गर्नेछन ।

पाठयक्रमको आवश्यकताहरुका सम्वन्धमा जानकारी लिन आफ्नो वच्चाको शिक्षक वा परामर्शदातालाई सम्पर्क गर्नुहोस ।

विद्यार्थीले पुरा गरेको पाठयक्रम विद्यार्थीको आधिकारिक प्रमाणपत्र (ट्रान्सकृप्ट) मा प्रतिविम्वित हुनेछ ।

**उपस्थितिको प्रमाणपत्र**

नियमित रुपमा विद्यालयमा हाजिर भएका तर तीनवटा पाठयक्रम मध्ये कुनैमा पनि आवश्यकताहरु पुरा नगर्ने विद्यार्थीहरुलाई उपस्थितिको प्रमाणपत्र दिइने छ ।

**सामान्य जानकारी**

हाइस्कूलमा विद्यार्थीहरुका लागि व्यक्तिगत कार्यक्रम स्थापित गरिएको छ । विद्यार्थीको शिक्षा र जीवनवृत (क्यारियर) तथ्यलाई होसियारीपूर्वक ध्यान दिनु प्रत्येक विद्यालय, विद्यार्थी र आमावावुको सम्युक्त जिम्मेवारी हुनेछ । **घोषित गरिएको ध्यानकेन्द्रित क्षेत्रः** प्रत्येक विद्यार्थीले आफ्नो जुनियर इयर को पहिलो सेमेस्टररमा "ध्यानकेन्द्रित गर्ने क्षेत्र" को घोषणा गर्नेछ । खासकुनै बिषयबस्तुमा ग्याजुएशनका लागि चाहिने आवश्यकताहरु (तर आवश्यक २४० सेमेस्टर घण्टा भन्दा बढी हुन आबश्यक छैन ) वाहेकको बिद्यार्थीले कम्तिममा १.० युनिटको अध्ययनमा भाग लिएको हुनुपर्नेछ, तथा शैक्षिक गहिराइ र समझदारी दुवैलाई गर्ने गरी तथा हाइ स्कूल पाछि आफ्नो जीवनमा यस समझदारी लागू गर्ने गरिएको मनसायलाई संचार गर्ने गरी आफ्नो अध्ययन पोर्टफोलियो (विस्तृत रुपरेखा) वनाउनु पर्नेछ ।

**हाई स्कूलको लागि मिडिल स्कूलमा क्रेडिटहरु आर्जन गर्न सकिदैन ।** उदाहरणको लागि : एउटा विद्यार्थी जस्ले मिडिल स्कूलमा वीजगणित १ को पढाइ पुरा गरेको छ उस्ले फेरी पनि हाइ स्कूलमा ४ वर्ष गणितको पढाइ गर्नै पर्दछ ।

**छुटहरु**

डेनभर पब्लिक स्कूल्सको वोर्ड अफ एजुकेशन (शिक्षा समिति) वाट स्वीकृत भएको र तल दिइएको मापदण्ड पुरा हुने एथलेटिक खेलहरु खेल्ने विद्यार्थीहरुको ग्याजुएशनको लागि चाहिने शारीरिक शिक्षा सम्वन्धी आवश्यकतावाट छुट पाउन सक्ने छन । एथलेटिक्समा सहभागी भए वापत कुनै ग्रेड वा क्रेडिट दिइने छैन र यस्तो छुटहरुले डिप्लोमा आर्जनका लागि आवश्यक पर्ने कूल घण्टाको संख्यालाई घटाउने छैन । एथलेटिक्समा सहभागिता गर्नाले दुवै सेमेष्टरहरुमा चाहिने शारीरिक शिक्षाको आवश्यकताहरु पुरा गर्न छुट हुन सक्ने छ ।

**शारिरिक शिक्षाको छुटलाई नियमन गर्ने मापदण्डहरु**

क. विद्यार्थीले सम्पूर्ण मौसम (सिजन) मा योग्यतालाई कायम राख्नु पर्दछ ।
ख. पिइ (शारीरिक शिक्षा) को लागि चाहिने पाँच सेमेष्टर घण्टा (५ युनिट) लिनवाट विद्यार्थीलाई छुट दिनका लागि उसले खेलकुदमा एक पूरा मौसम (सिजन) मा भाग लिनु आवश्यक छ ।
ग. छुट पाउनका लागि योग्य हुन विद्यार्थी हाइ स्कूल फ्रेसम्यान (हाइस्कूलको प्रथम वर्षको विद्यार्थी) सोफोमर (हाइस्कूलको दोस्रो वर्षको विद्यार्थी) वा जुनियर (तेस्रो बर्षको बिद्यार्थी) हुनु पर्दछ ।
शारीरिक शिक्षाको आवश्यकताहरु अझै पूरा गरिनसकेका सिनियरहरुलाई यो छुट लिन दिइदैन र उनीहरुले शारीरिक शिक्षाको कोर्समा दाखिला हुनु पर्दछ ।